# समाचार तथा लेख लेख्ने १६ उपाय

यो पुस्तिकामा हामी तपाईंलाई सडक दुर्घटना सम्बन्धी विभिन्न किसिमका लेख वा समाचार लेख्ने तरिका सिकाउन - समाचार वा लेखको केन्द्रबिन्दु के हो ? कोसँग कुरा गर्ने ? के सोध्ने ? — जस्ता आधारभूत ढाँचा प्रयोग गर्छौं । यसमा सडक दुर्घटना सम्बन्धी सामान्य समाचार देखि लिएर सडक सुरक्षा जन स्वास्थ्यसँग जोडिएको एउटा गम्भीर मुद्दा हो भन्ने विषयमा विस्तृत समाचार वा लेखहरू लेख्ने तरिकाहरू समेटिएको छ । यो सूची आफैमा परिपूर्ण छैन । यसको उद्देश्य तपाईंलाई सही दिशा देखाउनु तथा तपाईंलाई सडक सुरक्षा सम्बन्धी विस्तृत समाचार वा लेखहरू लेख्ने विभिन्न तरिकाहरूको बारेमा सोच्न मद्दत गर्नु हो ।


# दुर्घटना सम्बन्धी रिपोर्टिङबाट सडक सुरक्षा सम्बन्धी रिपोर्टिङमा जाने पाँच उपाय

**शुभेन्दु राय, सम्पादक,**
***Hindustan Times***



शुभेन्दु राय दिल्ली स्थित *The Hindustan Times* को भूतपूर्व सहायक सम्पादक हुन् । उक्त भूमिकामा छँदा, उहाँले सुरुमा सहरी ट्राफिक व्यवस्थाको विषयमा पत्रकारिता गर्नुभयो र त्यसपछि सडक सुरक्षाको विषयमा पत्रकारिता गर्दै सडक दुर्घटना र सडक सुरक्षासँग सम्बन्धित विभिन्न विषयहरूमा थुप्रै विस्तृत लेखहरू प्रकाशित गर्नुभयो ।

1. सडक दुर्घटना छिट पुट रूपमा घट्ने अप्रत्याशित घटना होइन; घटना किन भयो त्यसको गहिरो अनुसन्धान गर्नुहोस् ।
2. दुर्घटना सम्बन्धी आफूले लेखेका समाचार तथा लेखहरूको अभिलेख राख्नुहोस्, त्यसलाई पुनर्प्रयोग गर्नुहोस् र धेरैवटा घटनालाई जोडेर हेर्ने प्रयास गर्नुहोस् ।
3. तपाईंले दुर्घटना घटेपछि त्यसको बारेमा लेख्दैमा आफ्नो जिम्मेवारी पूरा भयो भन्ने नठान्नुहोस् । त्यसबारे थप अनुसन्धान गर्नुहोस्, र उक्त दुर्घटनाको करणको बारेमा पूर्ण अनुसन्धान नहुँदासम्म त्यसबारे लेखिरहनुहोस् ।
4. दुर्घटना होला अनि लेखौंला भनेर नबस्नुहोस्; त्यस विषयमा विज्ञहरूको राय सुझाव लिएर विगतमा देखिएका प्रवृत्तिहरूको बारेमा लेख्नुहोस् ।
5. समाचार वा लेख लेख्दा तपाईं र तपाईंका पाठकहरू सबैले सडक प्रयोग गर्छन् भन्ने कुरा ध्यानमा राख्नुपर्छ । तपाईंले लेखेको कुरा सबैलाई लागू हुन्छ ।



## समाचार वा लेखको केन्द्रबिन्दु के हो ?

→ प्राणघातक सडक दुर्घटना

## कोसँग कुरा गर्ने ?

**→ दुर्घटनास्थलमा उद्धार गर्न पुगेका प्रहरी तथा अन्य उद्धारकर्मीहरू; प्रहरी कमाण्डरहरू**

## के सोध्ने ?

→ दुर्घटनाको कारण के हो ?
→ दुर्घटनासँग सम्बन्धित जोखिम तत्वहरू के-के हुन् ?
→ दुर्घटना रोक्ने कुनै उपाय थियो कि ?
→ यस्ता दुर्घटनाहरू रोक्न ट्राफिक प्रहरीले के गरिरहेका छन् ?
→ यस्ता दुर्घटना रोक्न प्रहरीले के गर्न जरूरी छ ?
→ सडक दुर्घटनाको बारेमा अभिलेख राख्न कस्ता तथ्याङ्कीय प्रणालीहरू प्रयोगमा छन् ? → के यी प्रणालीहरू अन्य सम्बन्धित निकायहरूको प्रणालीसँग जोडिएका छन् ?



## समाचार वा लेखको केन्द्रबिन्दु के हो ?


→ नियम कानुन कार्यान्वयन

## कोसँग कुरा गर्ने ?

**→ वरिष्ठ प्रहरी अधिकारीहरू, राजनीतिक नेतृत्वहरू, कानुन व्यवसायीहरू, सडक सुरक्षा सम्बन्धी विज्ञहरू ।**

## के सोध्ने ?

→ सडक सुरक्षा सम्बन्धी नियम कानुनहरू एकरूपताका साथ कार्यान्वयन भइरहेका छन् ? → यदि छैनन् भने, कारण के हो —जनशक्ति, उपकरण वा पैसा जस्ता स्रोतसाधनहरूको कमीले गर्दा हो कि ? भ्रष्टाचारले गर्दा हो कि ? → ट्राफिक प्रहरीहरूले ट्राफिक नियमहरू कार्यान्वयन गर्दा सुरक्षित महसुस गर्छन् ? → ड्युटीमा हुँदा उनीहरूलाई चोटपटक लाग्नबाट जोगाउने उपायहरू अपनाइएका छन् ?





### समाचार वा लेखको केन्द्रबिन्दु के हो ?

→ तपाईंले पहिचान गर्नुभएको कुनै एउटा निश्चित सडक सुरक्षा समस्या र त्यसको सम्भावित समाधान

### कोसँग कुरा गर्ने ?

**→ सम्बन्धित यातायात विभाग वा मन्त्रालयका सरकारी अधिकारीहरू, शोध अध्ययनमा संलग्न वा गैर सरकारी संस्थाका सडक सुरक्षा विज्ञहरू**

### के सोध्ने ?

→ यो समस्यालाई कसरी परिभाषित गर्नुहुन्छ ?
→ यो निष्कर्षलाई पुष्टि गर्ने प्रमाणहरू के छन् ?
→ यो समस्यालाई कसरी समाधान गर्न सकिन्छ ?
→ प्रस्तावित समाधानलाई पुष्टि गर्ने प्रमाणहरू छन् ?
→ छिमेकी मुलुकहरूले के गरेका छन् ? → यो समस्याको समाधानमा रहेका मुख्य चुनौतीहरू के-के हुन् ?

### समाचार वा लेखको केन्द्रबिन्दु के हो ?


→ सडक सुरक्षा व्यवस्था सम्बन्धी एउटा "समष्टिगत" लेख

### कोसँग कुरा गर्ने ?

**→ स्वास्थ्य, आन्तरिक वा यातायात मन्त्रालयका सरकारी अधिकारीहरू; अन्य प्रमुख निकायहरू (सडक सुरक्षा प्राधिकरण वा परिषद्हरू)**

### के सोध्ने ?

→ देशमा सडक सुरक्षा हेर्ने जिम्मेवारी कसको हो?
→ सडक सुरक्षाको व्यवस्थापन कसरी गरिन्छ ?
→ जिम्मेवार निकायले अन्य सम्बन्धित सरकारी निकायहरूसँग कसरी समन्वय गर्छ ?
→ के सुधार गर्नुपर्छ ?
→ कस्ता प्रकारका तथ्याङ्कीय प्रणालीहरू प्रयोगमा छन् ? तिनीहरू एकआपसमा जोडिएका छन् कि छैनन्, जस्तै, दुर्घटनाको घाइते र मृतकको सङ्ख्याको अभिलेख कसरी राखिन्छ ?
→ उक्त जानकारीमाथि क-कसको पहुँच हुन्छ ?
→ यस्ता तथ्याङ्कहरूलाई सडकको सुरक्षा सुधार्न कसरी प्रयोग गरिन्छ ?



## समाचार वा लेखको केन्द्रबिन्दु के हो ?

→ सडक प्रयोगकर्ताहरूको निश्चित वर्ग

## कोसँग कुरा गर्ने ?

**→ आफ्नो देशका सडक प्रयोगकर्ताका संगठनहरू, जस्तै, साइकल चालक, पैदल यात्री, ट्याक्सी चालक, ट्राफिक प्रहरीहरू । साथसाथै, समस्याको प्रत्यक्षदर्शीहरू, जस्तै सडक छेउका व्यापारीहरू**

## के सोध्ने ?

→ निश्चित वर्गका प्रयोगकर्ताहरूले झेलिरहेका खतरा वा जोखिमहरू के-के हुन ? → उनीहरू सडकका अन्य प्रयोगकर्ताहरूभन्दा कसरी फरक छन् ? → यो वर्गको बारेमा अन्य के तथ्याङ्क उपलब्ध छ ? → यी प्रयोगकर्ताहरूलाई विशेष कानुन ल्याएर अथवा पूर्वाधारमा सुधार गरेर सुरक्षा प्रदान गर्न सकिन्छ ?
→ यस क्षेत्रमा के-कस्ता असल अभ्यासहरू प्रचलित छन् ? → तिनीहरूलाई पुष्टि गर्ने प्रमाण के छ ? → तपाईंको देशमा ती असल अभ्यासहरू व्यवहारिक छन् त ?
→ कसरी र किन ?



## समाचार वा लेखको केन्द्रबिन्दु के हो ?


→ सडक सुरक्षा स्थानीय जन स्वास्थ्यसँग सम्बन्धित एउटा मुद्दा

## कोसँग कुरा गर्ने ?

**→ अस्पताल तथा क्लिनिक प्रशासन, स्वास्थ्य मन्त्रालय, वरिष्ठ प्रहरी अधिकारी र सडक सुरक्षाका विज्ञहरू**

## के सोध्ने ?

→ अस्पतालमा सडक दुर्घटनामा परी आउनेहरूको सङ्ख्या कति प्रतिशत छ?
→ सडक दुर्घटनामा घाइते भएकाहरूलाई कस्तो प्रकारको सेवा आवश्यक पर्छ ? → उनीहरू तपाईंको सेवा केन्द्रमा औसतमा कति समय बस्छन् ? → उनीहरूलाई आवश्यक स्वास्थ्य सेवाको लागि औसतमा कति खर्च लाग्छ ?
→ ती बिरामीहरू तपाईंको सेवा केन्द्रबाट निस्केपछि उनीहरूलाई के हुन्छ ?
→ समस्यालाई सम्बोधन गर्न के-कस्ता स्रोतसाधनहरू आवश्यक पर्छन्: शय्या ? विशेषज्ञ ? शल्यक्रिया कक्ष ? एक्स-रे मेसिन ? आकस्मिक एकाइ ? पुनर्स्थापना एकाइ?



## समाचार वा लेखको केन्द्रबिन्दु के हो ?

→ दुर्घटना पश्चात् आवश्यक पर्ने स्वास्थ्य सेवा

## कोसँग कुरा गर्ने ?

**→ पुनर्स्थापना तथा फिजियोथेरापी केन्द्रहरू र घाइते तथा घाइतेहरूको संघ**

## के सोध्ने ?

→ तपाईंका बिरामीहरू मध्ये कति प्रतिशत सडक दुर्घटनामा परी घाइते भएका थिए ? → उनीहरूलाई के-कस्ता शारीरिक समस्याहरू हुने गरेका छन् ?
→ गम्भीर चोटपटकले उनीहरूको जीवनशैली कसरी परिवर्तन हुन्छ ?
→ ती बिरामीहरू तपाईंको सेवा केन्द्रबाट निस्केपछि उनीहरूलाई के हुन्छ ?
→ एक जना घाइते व्यक्तिलाई लाग्ने औसत खर्च र सेवा अवधि कति हो ? → सडक दुर्घटनामा घाइते भएकाहरूको पुनर्स्थापना गर्दा के-कस्ता चुनौतीहरू झेल्नुपर्छ ?



## समाचार वा लेखको केन्द्रबिन्दु के हो ?


→ आकस्मिक सेवाहरू

## कोसँग कुरा गर्ने ?

**→ आकस्मिक चिकित्सा सेवाका कर्मचारी तथा व्यवस्थापकहरू, निजी तथा सरकारी अस्पतालका आकस्मिक कक्षका कर्मचारीहरू**

## के सोध्ने ?

→ तपाईंको देशमा के-कस्ता आकस्मिक सेवाहरू उपलब्ध छन् ?
→ कुन सेवाहरू उपलब्ध छैनन् ?
→ खर्च कसले बेहोर्छ ? प्रत्येक सेवा र निजी रूपमा सञ्चालित तथा सरकारी सेवा प्रदायकहरूको राम्रा तथा नराम्रा पक्षहरू के-के हुन् ?
→ स्थानीय आकस्मिक सेवाहरूको गुणस्तरको बारेमा अस्पतालका आकस्मिक विभागका कर्मचारीहरू के भन्छन् ? → सडक दुर्घटनामा परेकाहरूलाई उचित तालीम प्राप्त नगरेका व्यक्तिहरूले अस्पताल पुऱ्याउँदा के-कस्ता जटिलताहरू आइपर्न सक्छन् ? → सडक दुर्घटनामा परेका मानिसहरूलाई स्वैच्छिक रूपमा मद्दत गर्ने अप्रशिक्षित व्यक्तिहरूलाई मुद्दा लाग्नबाट जोगाउने कानुन छ ?



## समाचार वा लेखको केन्द्रबिन्दु के हो ?

→ मापदण्ड र प्रविधि मार्फत समाधान खोज्ने

## कोसँग कुरा गर्ने ?

**→ उद्योग तथा शिक्षा क्षेत्रका विज्ञ, परीक्षण केन्द्रका कर्मचारी, ग्लोबल NCAP का कर्मचारी, उपभोक्ता समूह, प्रहरी अधिकारी र सडक सुरक्षाका विज्ञहरू**

## के सोध्ने ?

→ केही निश्चित परिपाटीहरूलाई रोक्न वा कानुन कार्यान्वयन गर्न सघाउने के-कस्ता नवीनतम प्रविधिहरू उपलब्ध छन् ? → सुरक्षाको दृष्टिले कुन-कुन सवारी साधन निर्माता कम्पनीहरूको रेकर्ड सबैभन्दा राम्रो छ ? → सवारी साधनमा सुरक्षाका उपायहरू अनिवार्य राख्नुपर्ने कानुन छ कि छैन ?
→ हेल्मेट जस्ता सुरक्षाका साधनहरूको मापदण्ड सम्बन्धी कानुन छ कि छैन ? → अन्तर्राष्ट्रिय मापदण्डहरूको दाँजोमा स्थानीय नियम कानुन कस्तो छ ?
→ मापदण्डहरू सबैका लागि उपलब्ध छन् कि छैनन् तथा औद्योगिक एवम् प्रयोगकर्ता तहमा कार्यान्वयन भएका छन् कि छैनन् ?



## समाचार वा लेखको केन्द्रबिन्दु के हो ?

→ सुरक्षाका साधन वा सहायताहरूको उपलब्धता र मितव्ययिता

## कोसँग कुरा गर्ने ?

**→ उपभोक्ता समूहहरू, बजारको अध्ययन गर्ने निकायहरू, विक्रेताहरू, ग्लोबल NCAP जस्ता अन्तर्राष्ट्रिय संस्थाहरू**

## के सोध्ने ?

→ बजारमा के-कस्ता सुरक्षाका साधनहरू उपलब्ध छन्? → बजारमा उपलब्ध हेल्मेट तथा बच्चालाई राख्ने सिट लगायतका साधनहरूले कानुनले तोकेको मापदण्ड पूरा गरेका छन् वा छैनन् ? → यी साधनहरूको बारेमा उपभोक्ताको राय कस्तो छ ?
→ यी साधनहरू प्रति उपभोक्ताको दृष्टिकोण र व्यवहारको बारेमा बजार सम्बन्धी शोध अध्ययनहरूले के भन्छन् ?



## समाचार वा लेखको केन्द्रबिन्दु के हो ?

→ सडक सुरक्षालाई राजनैतिक तथा विकासात्मक प्राथमिकता

## कोसँग कुरा गर्ने ?

**→ विभिन्न प्रतिनिधि दलका राजनीतिज्ञ वा चुनावका उम्मेदवारहरू, विशेषगरी निर्वाचनको समयमा; सम्बन्धित सरकारी निकायका अधिकारी, सडक सुरक्षाका विज्ञ र सडक सुरक्षासँग सम्बन्धित काम गर्ने गैर सरकारी संस्थाहरू**

## के सोध्ने ?

→ स्थानीय वा राष्ट्रिय स्तरको राजनीतिज्ञले सडक सुरक्षालाई राजनैतिक प्राथमिकतामा राखेको छ ? → उनीहरूले के-कस्ता मामिलाहरू उठाइरहेका छन् र उनीहरूलाई किन यसलाई प्राथमिकता दिनुपर्छ जस्तो लाग्छ ? → सडक सुरक्षालाई विकासात्मक प्राथमिकतामा राख्नुको औचित्य के हो ? → त्यसलाई पुष्टि गर्ने प्रमाण के छ ?
→ सडक सुरक्षालाई विकासात्मक प्राथमिकतामा राख्नुपर्ने तर्कलाई पुष्टि गर्ने तथ्याङ्क छ ?



## समाचार वा लेखको केन्द्रबिन्दु के हो ?

→ वैकल्पिक यातायात सुरक्षित एवम् वातावरणमैत्री विकल्प

## कोसँग कुरा गर्ने ?

**→ वातावरणविद् वा वातावरणसँग सम्बन्धित काम गर्ने संघ संस्थाहरू, सहरी विकास योजनाकारहरू, विशेषगरी दिगो यातायात वा वैकल्पिक यातायातका मोडेलहरूमा काम गरिरहेका संस्थाहरू**

## के सोध्ने ?

→ यस सहरमा प्रयोगमा ल्याउन सकिने यातायातका व्यवहारिक वैकल्पिक माध्यमहरू के-के छन् ? → कसैले यी वैकल्पिक माध्यमहरूको प्रवर्धन गरिरहेका छन् कि छैनन् ? → यातायातका यी वैकल्पिक माध्यमहरूले अर्थतन्त्र तथा जन स्वास्थ्यमा कस्तो फाइदा पुर्‍याउँछन् ? → सडक सुरक्षा र मानिसहरू बसोबास गर्न बढी रुचाउने सहरको बीचमा सम्बन्ध छ कि छैन ?
→ "दिगो यातायात" भनेको के हो र यो सडक सुरक्षासँग कसरी सम्बन्धित छ ?



## समाचार वा लेखको केन्द्रबिन्दु के हो ?

→ सुरक्षित सडक र यातायातको पूर्वाधारमा सुधार

## कोसँग कुरा गर्ने ?

**→ सडक सुरक्षाको क्षेत्रमा काम गर्ने इन्जिनियर र पूर्वाधारका विज्ञहरू, विश्व बैंक iRap र युरोपेली संघका सम्बन्धित विज्ञहरू सहित**

## के सोध्ने ?

→ सुरक्षित तथा भरपर्दो सडकहरू कसरी निर्माण गर्न सकिन्छ ?
→ सडक निर्माणमा सकड सुरक्षालाई पनि जोड दिन कति खर्च लाग्छ ? → यी दुई कुराहरू बीच सम्बन्ध देखाउने तथ्याङ्कहरू छन् कि छैनन् ?
→ सुरक्षाका के-कस्ता मापदण्डहरूमा जोड दिने भन्ने कुरा कसले कसरी निर्णय गर्छ ?
→ स्थानीय नियम कानुनहरूले नयाँ सडकहरूमा सुरक्षाका उपायहरू राख्न अनिवार्य गरेको छ कि छैन ? → ट्राफिक तथा सडकको वातावरण र पूर्वाधारको बीचमा कत्तिको निष्पक्षता छ ?
→ यसले जोखिममा रहेका प्रयोगकर्ताहरूको आवश्यकतालाई सम्बोधन गरेको छ कि छैन ?



## समाचार वा लेखको केन्द्रबिन्दु के हो ?

→ सडक सुरक्षाको आर्थिक लाभ-लागत विश्लेषण

## कोसँग कुरा गर्ने ?

**→ विशेषगरी स्वास्थ्य सम्बन्धी लागत र विकासमा विशेषज्ञता हासिल गरेका अर्थशास्त्रीहरू, अन्तर्राष्ट्रिय संघ संस्थाहरू, मन्त्रालयहरू, लगानीकर्ता तथा व्यवसायीहरू, विकास सम्बन्धी विशेषज्ञहरू**

## के सोध्ने ?

→ सडक दुर्घटना रोकथाम गर्न लाग्ने खर्च र दुर्घटनामा परेकाहरूको स्वास्थ्य सेवामा लाग्ने खर्च मध्ये कुन बढी हुन जान्छ ? → सडक दुर्घटनामा परेर मानिसहरू घाइते तथा मृत्यु हुँदा कुल ग्राहस्थ उत्पादनमा कस्तो प्रभाव पर्छ ? → अप्रत्यक्ष लागतहरूको हिसाब कसरी गरिन्छ ?
→ सडक दुर्घटनामा लागेको चोटपटक र गरीबीको बीचमा पारस्परिक सम्बन्ध छ ? → सडक सुरक्षाको अवस्था खराब हुँदा त्यसले लगानीकर्ताहरूलाई निरुत्साहित पारी आर्थिक विकास ढिलो हुन्छ हो ?





### समाचार वा लेखको केन्द्रबिन्दु के हो ?

→ सडक सुरक्षा सम्बन्धी कानुन

### कोसँग कुरा गर्ने ?

**→ कानुनविद्, व्यवस्थापिका निकायका सदस्य, सडक सुरक्षा सम्बन्धी सरोकार राख्ने समूह, प्रहरी, शोध अनुसन्धान गर्ने संघ संस्था र सडक सुरक्षाको राम्रो ज्ञान भएका बुद्धिजिवीहरू**

### के सोध्ने ?

→ देशको कानुनमा के-कस्ता नियमहरू छुटेका वा गलत छन् ? → कुन देशको सडक सुरक्षा कानुन सबैभन्दा राम्रो छ ? → प्रभावकारी सडक सुरक्षा कानुन कस्तो हुनुपर्छ र किन ? → असल अभ्यासहरू सम्बन्धी जानकारी कहाँबाट पाउन सकिन्छ ? → कानुन कार्यान्वयन तथा लागू गर्न सकिन्छ भनेर सुनिश्चित गर्नका लागि केही कुराहरूमा सम्झौता गर्नुपर्छ कि ? → कानुन बनाउँदा सरोकारवालाहरूको राय तथा सुझावलाई कसरी प्रयोग गरिन्छ ? → सडक सुरक्षा सम्बन्धी नियम कानुनहरूको समीक्षा तथा संशोधन गरिन्छ ? → कति अवधिमा गरिन्छ ? → संशोधनहरूको बारेमा सर्वसाधारणलाई कसरी सूचित गरिन्छ ?

विश्व स्वास्थ्य संगठन
**नसर्ने रोग, अपाङ्गता, हिंसा तथा चोटपटक रोकथाम**
**व्यवस्थापन विभाग**
२० एभेन्यू अप्पिया
१२११ जेनेभा २७
स्विट्जरल्याण्ड
टेलिफोन नम्बर: +४१ २२ ७९१ २३९२

**यो कागजात ब्लुमबर्ग फिलान्थ्रोपिज्को आर्थिक सहयोगमा तयार पारिएको हो ।**

www.who.int/violence_injury_prevention/road_traffic/en/